म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौँडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौँडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- १२८ २०८१ चैत्र १६ गते शनिबार 29 March 2025, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

**व्यक्तिगत स्वास्थ्यमा ध्यान दिऔँ ।**

- नियमित स्वास्थ्य परीक्षण गराऔँ,
- सन्तुलित, पोषणयुक्त आहार सेवन गरौँ,
- नियमित शारीरिक परिश्रम गरौँ,
- दैनिक रुपमा निद्रा पुग्ने गरी सुतौँ,
- ध्यान, योग, व्यापामजस्ता गतिविधिमा संलग्न होऔँ,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## तीनकुने घटनामा एक पत्रकारसहित २ को मृत्यु

# घटना हिंसा हो, फौजदारी कारबाही हुन्छ : सरकार



काठमाडौं : राजावादीले काठमाडौंको तीनकुनेमा गरेको प्रदर्शनलाई सरकारले हिंसाको रुपमा हेरेको छ । यो कुनै राजनीतिक र वैचारिक आन्दोलन नभई हिंसात्मक प्रदर्शन भएको निष्कर्ष निकाल्दै सोहीअनुसार कारबाही गर्ने रणनीति सरकारले अपनाएको छ । तीनकुनेको प्रदर्शनमा व्यक्ति मर्नेदेखि तोडफोड र आगजनीको घटना भएपछि यसबारे जानकारी दिन गृहमन्त्रालयले पत्रकार सम्मलेन गरेको थियो । साँझ ६ बजे सिंहदरबारस्थित मन्त्रालयमा भएको पत्रकार सम्मलेनमा गृहका सहसचिव छवि रिजालले समेत तीनकुनेको प्रदर्शनलाई हिंसाको रुपमा हेरिएको बताएका छन् ।

तीनकुनेमा तनाव सिर्जना भएपछि दिउँसै गृहमन्त्री रमेश लेखकले मन्त्रालयमा सुरक्षा संयन्त्रका प्रमुखलाई बोलाएर छलफल गरेका थिए । उक्त छलफलले समेत तीनकुनेको प्रदर्शन आन्दोलन नभई हिंसात्मक भिड रहको निष्कर्ष निकालेको गृहका एक अधिकारीले बताए । गृहमन्त्रालयका सहसचिव रिजालले भने, 'स्तवन्त्रताको मिसयुज भयो । सभ्य समाजले कल्पनासमेत गर्न नसक्ने हिंसा आजको तीनकुने प्रदर्शनमा भयो ।' सरकारी तथ्यांकअनुसार शुक्रबार साँझसम्ममा राजावादीको प्रदर्शनमा एभिन्युज टेलिभिजका पत्रकार सुरेश रजक र अर्का प्रदर्शनकारी २९ वर्षीय सविन महर्जनको मृत्यु भयो । सरकारी तथ्यांकअनुसार अहिलेसम्म १५ जना प्रदर्शनकारी र १५ जना सुरक्षाकर्मी घाइते भएको विवरण संकलन भएको गृह मन्त्रालयले जनाएको छ ।

आजको यो स्थिति आउनुमा राजावादी आन्दोलनका कमान्डर दुर्गा प्रसाईं मुख्य रहेको गृहमन्त्रालयको बैठकले निष्कर्ष निकालेको छ । गृह प्रवक्तासमेत रहेका रिजालले पनि प्रसाईंकै कारण आन्दोलन भड्किएको बताए । 'जब दुर्गा प्रसाईंले सुरक्षाकर्मीलाई मार्ने नियतले गाडी चलाए । त्यसपछि स्थिति भड्किएको हो' रिजालले भने । रिजालले भनेजस्तै सार्वजनिक भिडिओमा समेत प्रसाईंले सुरक्षाकर्मीलाई गाडीले पेल्दै अघि बढेको देखिन्छ । आओ-आओ भन्दै उनी गाडी चलाउँदै अघि बढेको देखिन्छ ।

व्यक्तिको मृत्युदेखि सञ्चारगृहहरु तोडफोड, राजनीतिक दलका पार्टी कार्यालयहरु तोडफोड र आगजनी, व्यापारिक कम्प्लेक्सहरुमा दिनदहाडै लुटपाट, व्यक्तिका घरमा आगजनी, सवारी साधनहरु तोडफोड र आगजनी जस्ता हिंसात्मक गतिविधि दुर्गा प्रसाईं कमान्डर रहेको आजको राजावादीको प्रदर्शनमा भयो । यो प्रदर्शनलाई हिंसाको संज्ञा दिएको सरकारी संयन्त्रले आजको आगजनी र तोडफोडमा उत्रिनेहरुलाई फौजदारी कारबाही गर्ने तयारी गरेको छ । ज्यान मार्ने उद्योगदेखि आगलागीसम्मका कसुरमा कारबाही प्रक्रिया अघि बढाउने सरकारी निकायको तयारी छ । यो कुनै क्षमायोग्य घटना नभएकाले कानुनबमोजिम कारबाही हुने पनि गृहका सहसचिव रिजाल बताउँछन् ।

यसका साथै सुरक्षा संयन्त्रलाई समेत आवश्यक निर्देशन भइसकेको गृह स्रोतले बतायो । सुरक्षा संयन्त्रले सूक्ष्म ढंगले अनुसन्धान अघि बढाइसकेको र कमान्डर भनिएका प्रसाईंलाई समेत पक्राउ गर्ने तयारी गरिएको छ ।

प्रसाईंलाई खोज्न सादा पोशाकको प्रहरी परिचालन भइसकेको छ । यद्यपि, अहिलेसम्म उनी फेला परेका छैनन् । कसलाई के कारबाही हुन्छ भन्नेमा अहिले यकिन नभएको रिजाल बताउँछन् । 'अनुसन्धान हुन्छ । कसको भूमिका के देखिन्छ, त्यहीअनुसार कारबाही प्रक्रिया अघि बढ्छ,' उनले भने । यसको सम्पूर्ण जिम्मा आयोजकले लिनुपर्ने बताइएको छ ।

## रविन्द्र मिश्र र धवलशमशेर पक्राउ

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का वरिष्ठ नेता रविन्द्र मिश्र र महामन्त्री धवलशमशेर राणा पक्राउ परेका छन् । प्रहरीले शुक्रबार राती ९ बजेको समयमा उनीहरूलाई नियन्त्रणमा लिएको हो । उपत्यका प्रहरी प्रमुख एआईजी टेकबहादु तामाङले उनीहरूलाई पक्राउ गरेर राखिएको पुष्टि गरे ।

उनले भने, 'शुक्रबारको घटनाबारे अनुसन्धानका लागि ल्याएका हौं ।' प्रहरी कार्यालयबाट कुरा गर्दै मिश्रले दुवै जनालाई अस्पतालमा घाइतेलाई भेटेर फर्कने क्रममा नियन्त्रणमा लिएको बताए । 'अहिले हामी दुवै जना घाइतेलाई भेटेर अस्पतालबाट फर्कंदै थियौं । सोही क्रममा प्रहरीले नियन्त्रणमा लिएको हो,' मिश्रले भने ।

## हेटौँडाका मिलन र गोपाल बाराबाट पक्राउ



समाज संवाददाता

हेटौँडा : लागूऔषध अफिमसहित हेटौँडा-१२ का ४४ वर्षीय मिलन भोलन र ४७ वर्षीय गोपालप्रसाद गौतम बारा जिल्लाबाट पक्राउ परेका छन् । शुक्रबार दिउँसो ३ बजेको समयमा सशस्त्र प्रहरी बलले बारा जिल्लाको जीतपुर-सिमरा उपमहानगरपालिका-१ बाट उनीहरुलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

बा प्र ०१-०२९ च ५४१४ नम्बरको कारलाई रोकी सुरक्षाजाँच गर्दा कारमा सवार मिलन र गोपालको साथबाट ८ किलो २५२ ग्राम लागूऔषध अफिम बरामद भएको प्रहरीले जनाएको छ । उनीहरुलाई हिरासतमै राखी अनुसन्धान तथा कारवाही प्रक्रिया अगाडि बढाइएको प्रहरीले जानकारी दिएको छ ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

## लागूऔषधसहित बनियाँ र दास पक्राउ



लागूऔषध ओनरेक्ससहित पक्राउ परेका बनियाँ र दास ।

समाज संवाददाता

हेटौँडा : लागूऔषध ओनरेक्ससहित मकवानपुर प्रहरीले एक भारतीय नागरिकसहित दुईजनालाई पक्राउ गरेको छ ।

बिहीबार साँझ ७ बजेर ५० मिनेटको समयमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडा-१५, रातोमाटेस्थित प्रहरी चेकपोष्टबाट प्रहरीले १२ बोतल लागूऔषध ओनरेक्ससहित भारतको बिहार राज्यको सीतामडी घर भई हाल हेटौँडा-२, संगमचोक बस्दै आएका ४२ वर्षीय रामजी बनियाँ र हेटौँडा-४ का ६४ वर्षीय सन्तोष दासलाई प्रहरीले पक्राउ गरेको जनाएको छ । बीरगंजबाट हेटौँडातर्फ आउँदै गरेको ग १ ज ८२०२ नम्बरको यात्रुवाहक भ्यानमा सवार बनियाँ र दासलाई प्रहरीले लागूऔषधसहित पक्राउ गरेको हो । मकवानपुर जिल्ला अदालतबाट लागूऔषध मुद्दामा ७ दिन म्याद अनुमति लिई उनीहरुलाई हिरासतमै राखी थप अनुसन्धान कार्य गरिरहेको प्रहरीले जनाएको छ ।

**बुधबारे बालसाहित्य**

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

सम्पादक

**कर्मचारी आवश्यकता**

हेटौँडा-४, पारिजातपथस्थित दाजुभाइ बेकरीका लागि एकजना लेखापाल आवश्यक भएकोले इच्छुक योग्य नेपाली नागरिकले तुरुन्त सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**शैक्षिक योग्यता** : व्यवस्थापन संकाय लिई कक्षा १२ उत्तीर्ण । स्नातक उत्तीर्णलाई प्राथमिकता ।
**तलब/सुविधा** : आपसी समझदारीमा तय गरिनेछ ।

सम्पर्क
दाजुभाइ बेकरी
हेटौँडा-४, पारिजातपथ (९८४५३८२८६९)



## गजल



**मनोज शाही ठकुरी (मनु)**

ठिक छ यो दुनियाँ बदलिएको हो हराभराबाट !
गुनासो के गर्नु म आफै बदलिएको छु जराबाट !!

हेर न फूलहरू पीडामा गुहार माग्छन् भमरासँग !
बिडम्बना स्वयम् फुलहरू लुटिन्छन् भमराबाट !!

बाबु यो सहर दुष्ट चेहराहरुको सहर हो विचार गर्नु !
कतै तिम्रो इमान बेचिन सक्छ तिनै चेहराबाट !!

फेरि कसैले देश बनाउने कुरा गर्दैछ भित्र-भित्रै बेचेर !
हामी सोची रहेछौं देशमुक्त हुन्छ अब खतराबाट !!

माया के हो ? आमाबाट धोका के हो ? तिमीबाट सिके !
अब सिक्नु छ जिन्दगी के हो ? यो चराबाट !!

*मुगु, भीई-३*

## गजल



**कोपिल पौडेल**

बिर्सिनलाई यहाँ वेदना कोही
खोजिरहेछ यहाँ सपना कोही

नराखे आस्था काममा कोही
नगर्नु कसैको कामना कोही

मासेर फूलको बगैंचा आफैंले
अत्तरमा खोज्छ बासना कोही

खोसेर मुस्कान मुहारको अनि
दिएर जान्छन् सम्झना कोही

छाडेर संघर्ष अब बाँच्नलाई
मर्नलाई गरून् साधना कोही

*सैनामैना-९, बाँसगढी, रुपन्देही*

## गजल



**विनोद थापा 'विद्रोही'**

जानाजानी बनाएर हो, या नजानी बनाएर
यो समयले नचाइरह्यो मलाई मदानी बनाएर

हरेक साँझ केही गर्ने उद्देश्य लिएर सुत्छु
खै कसले पठाउँछ उनका याद बिहानी बनाएर

म त जिउँदा लासहरुको आर्यघाट हुँ हजुर
के पाउनु हुन्छ बेकार मलाई खरानी बनाएर

महलमा सजिन्छु भन्थिन फुटपाथमा देखें
खै, कुन भाउमा बेचिन कुन्नि जवानी बनाएर

मेरो गाउँ बनाउँछु भन्छ कसरी पत्याउँ आमा
अझै सकेको छैन उसले राजधानी बनाएर

*दमक-५, झापा*

## गजल



**निकेश गिरी**

पीडाहरु यसरी पनि आउँछन् अवसर भएर
आज भगवान् भएँ म, हिजो पत्थर भएर

यो कुरा मलाई छाड्नु अघि नै सोच्नुपर्थ्यो
रुखबाट छुट्टिँदा छुट्नुपर्छ पतिङ्गर भएर

प्रेमको हत्कडी बाँधेर मुटुमा कैद गरिदिऊँ ?
तिमीलाई सजाय हुनुपर्ने हो; सुन्दर भएर

कति सक्नुहुन्छ, अझैं दबाउनुहोस् मलाई !
म बसिरहेछु, तपाईंकै गलामा मफलर भएर

मनमा आगो हुनाले मोडिएन ठान्यौ छुट्ने बेला
नमोडिएको हुँ यी आँखाहरुमा सागर भएर

*कास्की, पोखरा-८*

## गजल



**कैलाश बहादुर साउद**

भित्रभित्रै आफैलाई जलाउनुपर्छ
रुनु हुन्न दुनियाँलाई सम्झाउनुपर्छ ॥

म रुनु अघि मेरी आमा रुन्छिन्
त्यसैले पनि त म मस्कुराउनु पर्छ ॥

यहाँ एउटालाई खुशी बनाउन
फेरि अर्काको मन दुखाउनु पर्छ ।।

देश देश रहन्न एक दिन यस्तै भए
अब युवाहरू मैदानमा आउनुपर्छ ॥

परदेशमा ईमान बेचेर बाँच्नु भन्दा
देशमै रगत पसिना बगाउनु पर्छ ॥

*अछाम, चौरपाटी गाउँपालिका-३*

## चित्रकला






**ओशिन बानियाँ**
**कक्षा-४, रोज एकेडेमी, हेटौंडा-४**






**सरगम रुम्बा**
**कक्षा-५, रोज एकेडेमी**
**हेटौंडा-४**




**अनराज लामा**
**कक्षा-८, निर्मल मावि, हेटौंडा-१९**



**बिहान कार्की**
**कक्षा-४, कमाने एकेडेमी, हेटौंडा-८**





**सृष्टि श्रेष्ठ**
**युकेजी, लिटिल बडी प्रिस्कूल**
**हेटौंडा-४**





**दिपासना थापा**
**कक्षा-११, हेटौंडा स्कूल अफ**
**म्यानेजमेन्ट, हेटौंडा-४**

# आमा

✍दिपीशा श्रेष्ठ

आमा तिमी बिनाको यो संसार मात्र होइन
तिमी बिनाको स्वर्ग पनि मलाई चाहिँदैन ।

आमा तिमी बिनाको अमूल्य यो जिन्दगी मात्र होइन
तिमी बिनाको कुनै सुख पनि मलाई चाहिँदैन ।

आमा घाम हुन्
आमा जुन हुन्

आमा मेरो जिन्दगीको धुन हौ तिमी
मैले खोजेको सुन हौ तिमी ।

आमा तिमी बिनाको यो जिन्दगी मात्र होइन
तिमी बिनाको आँखाको नानी पनि मलाई चाहिँदैन ।

आमा तिमी बिनाको मेरो साधना पनि सफल होइन,
तिमी बिनाको सुख र समृद्धि पनि मलाई चाहिँदैन ।

*कक्षा-९, रिलायन्स इंग्लिस स्कूल, हेटौंडा-५*

# मुक्तक



✍निराजन नेपाल

मन नभएपनि खाना खानु छ मलाइ
खाडि मुलुक बाट छिट्टै घर जानु छ मलाइ
बा आमा रुदै थिय म घर बाट निस्कदा
त्यो रुन्चे मुहार मा हासो लानु छ मलाइ

# गजल



✍सिर्जना खनाल

बिस्तारै बिस्तारै निको हुन्छ घाउ भनेको
मैले यहि सोचेर तिमीलाई नचलाउ भनेको

छोरा तैले जग्गा, जमिन, इज्जत किन्न सक्लास
पैसाले किन्न सक्दैनस है आमा-बाउ भनेको

दुनियाँ देखेर पनि नदेखे झै गर्छ तिमीलाई
त्यसैले त दुनियाँलाई आँसु नदेखाउ भनेको

देख्नेहरुले त तस्विर खिचे, भिडियो बनाए
कसैले सुनेनन् घाइते मान्छेले बचाउ भनेको

कसले सुनायो कसलाई यति हतार भैसक्यो ?
छोरा मरेको खबर आमालाई नसुनाउ भनेको

*स्याङ्जा, गल्याङ नगरपालिका-९ बेल्चौर*

# जीवन



✍कोशिश कप्रौला

जन्मिन्छ मानिस रित्तै लिएर खाली हात
मरेपछि हरेक मान्छे जान्छ समसानघाट
त्यसोभए,
विश्वमा घमण्ड किन ?

जीवन सजिलो हुँदैन
सधैँभरि एकनाश रहँदैन
आउने कालको रुप हुँदैन
नमरुन्जेलसम्म कोही मानिस शान्त हुँदैन ।

काल बाजा बजाएर आउँदैन
सुख र दु:ख मात्रै जीवनमा सँधै हुँदैन
किन भन्नु तेरो र मेरो ?
मरेपछि कसैले केही लिएर जाँदैन ।

किन तँछाड मछाड गरी दुस्मन बनाउने ?
किन मरी मरी कसका लागि धेरै कमाउने
त्यसैले राम्रो काम गरी लागौँ आदर्शको
सधैँभरी राम्रो र असल बन्नुपर्छ मनको ।

मृत्युपछि कसैको अस्तित्व रहँदैन
अहङ्कारी र घमण्डीको नाम कसैले कहँदैन
त्यसैले यो जीवन यात्रामा गरौँ राम्रो काम
राम्रो काम गरेर अमर राखौँ आफ्नो नाम ।

*कक्षा-७, नवोदय शिशु सदन, हेटौंडा-४*

## गाउँखाने कथा

१. टुप्पोतिर आगो बाली पिँधतिर चुस्ने, मुखभित्र जम्मा पारी आकाशतिर फुक्ने ।
- चुरोट तानेको

२. टाउकोभित्र लुकेपछि भित्र हुन्छ कान, कान समाई तानेपछि हुन्छ हामीलाई खान ।
- मुला

३. टाउकोमा छ ज्वाला, पुच्छरमा छ आहारा के हो ?
- दियो

४. ठूलो चौरमा एउटा रोटी के हो ?
- चन्द्रमा

५. ठूलो भिरमा पानीको कुवा ।
- आँखा

# म माली यो देशको



✍काव्या यादव

बाह्रै महिना झुल्छन् फूल सिर्जनाको डाली
यो देशका मानिस हामी यै देशका माली
अग्ला अग्ला हिमालहरू सयौँ शिखर हाम्रा
यो पहाड र तराईका सयौँ शिखर राम्रा
धेरै थरीका फूल छौँ हामी एउटै छ नाम
नेपालमा बसेर गर्छौं एउटै काम ।

सबैको छ सम्झना, सबैको छ चासो
देश हामी मानिसको भविष्यको नासो
तानातान गर्नुभन्दा मेल गर्नु राम्रो
मिलिजुली काम गर्दा के हुन्छ र नराम्रो ?

*कक्षा-४, नवोदय शिशु सदन, हेटौंडा-४*

# आमाको सङ्घर्ष

✍निराजन नेपाल

सुख दु:ख सबैमा
तिमीलाई साथ दिन्थैँ आमा
त्यस्तो के भयो र म जन्मेपछिको
त्यो चार महिनामा

अँध्यारो थियो, साथको अपेक्षा पनि
अँध्यारो मै हरायो
बन्द हुन थालिसकेको थियो अपेक्षाको मार्ग
तापनि तिमीले आफैँले एउटा मार्ग बनायौ

उत्ता बाबा तालिम युद्धमा
यता हजुर मेरो युद्धमा
अन्त्यमा कतै नभई चरण पायौँ
आफ्नै बुद्धको समीपमा ।

घर फर्कंदा पनि अवस्था त्यही थियो
खाली मन, पेट तिमीलाई परिणामस्वरुप दियौ ।

आमा जीवन जितको उपहार हो ।
उपहार आमाको सङ्घर्षको आधार हो ।

*कक्षा-९, रिलायन्स इंग्लिस बोर्डिङ स्कूल हेटौंडा-५*

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# साताको राशिफल



पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

**मेष**: साँझेदारी र सट्टापट्टाका कामबाट लाभ प्राप्त होला । सम्मान र आदर बढ्ने समय योग छ । प्राविधिक र ज्ञानमूलक क्षेत्रमा मन जाला । रोकिएको काम बन्ने समय योग छ । साँझेदारी र राजनीतिमा मन जाला । व्यापार–व्यवसाय ठिकै रहने छ । पदीय दायित्व बढ्ला । वैदेशिक योगमा मन जाला । धार्मिक कृत्यमा सरिक भइएला ।

**वृष राशि**: भविष्यको सोँच र चिन्तन बढ्ला । परिश्रम र मिहिनेतले लाभ होला । व्यापार–व्यवसाय ठिकै छ । पदप्रतिष्ठाका लागि खट्नुपर्ने समय योग छ । काम र कर्तव्यप्रति दिलचस्पी बढ्ला । धार्मिक र सामाजिक काममा मन जाला । दाम्पत्य जीवन ठिकै रहला । अध्ययन–अध्यापनमा मन जाने समय योग छ ।

**मिथुन राशि**: सहयोगीको मद्दतले काममा पूर्णता होला । नयाँ काम र जिम्मेवारी बढ्ने समय छ । सामाजिक र धार्मिक अनि परोपकारजन्य काममा मन जाला । लक्ष्य प्राप्तिमा सफल भइएला । साझेदारी कामबाट लाभ होला । मिहिनेत र परिश्रमले लाभ होला । अचानक भेटघाट बढ्ला । मिहिनेतले सफल भइने छ ।

**कर्कट राशि**: जोखिम र सङ्कटले भरिपूर्ण समय छ । नैराश्यता, दिकदारी र चिडचिडेपन बढ्न सक्छ । परिबन्ध र बाध्यताले आर्थिक बोझ बढ्न सक्छ । काममा दौडधूप होला । हाकिमको कचकच बढ्ला । घमण्ड र अहंकारले प्रवेश गर्ला । आहारबिहारमा ध्यान गर्नुपर्ला । विद्या ठिकै रहने समय योग छ ।

**सिंह राशि**: मन हल्का र चंगा होला । साथीभाइ र इष्टमित्रको सहयोग रहला । मित्रताको बन्धन बलियो भएर जाला । दाम्पत्यजीवन रमाइलो होला । व्यवसायमा लाभ होला । थालेको काममा पूर्णता प्राप्त होला । कलात्मक काममा मन जानेछ । मानसिक तनाब र बोझ बढ्ने छ । प्रेमजीवन ठिकै रहला । अध्ययन अध्यापन ठिकै रहला । धार्मिक एवम् सामाजिक काममा मन जाला ।

**कन्या राशि**: हिम्मतले तगाराहरु पन्छाइएला । अनावश्यक खर्च बढ्न सक्ने समय छ । जालझेल र ठगीबाट सर्तकता अपनाउनुपर्ला । बन्दव्यापार ठिकै रहने समय योग छ । प्रतिस्पर्धामा विजय प्राप्त होला । कार्यक्षेत्रमा तत्परताका साथ खट्नुपर्ला । धार्मिक एवम् सामाजिक काम र पढाइ–लेखाइमा मन जाने समय छ ।

**तुला राशि**: लहड, खेलवाडमा समय बित्ला । प्रेमीसँग सुमधुर सम्बन्ध प्राप्त होला । नयाँ ज्ञान सिक्ने अवसर आइपर्ला । बन्दव्यापार र कार्यक्षेत्रको अवरोध हट्ने समय छ । सानोतिनो यात्रा योगमा सरिक भइएला । बुद्धिकौशल र प्रशासनिक क्षेत्रमा सरिक भइएला । धार्मिक एवम् सामाजिक र परोपकारजन्य काममा मन जाला । वैदेशिक योग ठिकै छ ।

**वृश्चिक राशि**: निर्णयात्मक काममा ध्यान केन्द्रित होला । घरायसी समस्याका बारेमा चिन्तन बढ्ला । व्यापार–व्यवसाय मध्यमकारक रहला । बन्दव्यापारको विकास होला । वैदेशिक काममा महत्वकांक्षा त्याग गर्दा राम्रो रहन्छ । पारिवारीक समस्या बढ्ने योग छ । नकारात्मक उर्जामा वृद्धि होला । धार्मिक सामाजिक कामहरु मध्यम रहने समय छ ।

**धनु राशि**: समय सामान्य छ । यात्रा योगमा सरिक भइएला । कर्तव्य र दायित्व बढ्ने समय योग छ । पदीय जिम्मेवारी बढ्ला । बिचार र धारणालाई अझै वृद्धि गरिएला । पराक्रममा वृद्धि होला । धार्मिक एवम् व्यापार–व्यवसायका कामबाट लाभ प्राप्त होला । नयाँ प्रविधिको प्रयोगले लाभ प्राप्त होला । पढाइ–लेखाइ ठिकै रहने समय योग छ ।

**मकर राशि**: पारिवारीक वातावरण रमाइलो रहला । बन्दव्यापारबाट राम्रो फाइदा होला । नयाँ काम पाइने योग छ । आर्थिक लाभ प्राप्त हुने समय छ । समझदारी र न्यानोपन बढ्ला । आफन्तको क्रियाकलापले मन खिन्न होला । खानपानमा ध्यान पुऱ्याउनु पर्ला । धार्मिक एवम् परोपकारजन्य काममा मन जाला । स्थानान्तरणको समय योग छ ।

**कुम्भ राशि**: व्यस्तता र दौडधूपमा समय बित्ला । बन्दव्यापारमा लगानी गर्न सकिएला । प्रयासले सफलताको ढोका खोलिएला । दाम्पत्य जीवन सुखद होला । इच्छाशक्ति बढ्ला । दायित्व र जिम्मेवारी बढ्ला । परोपकार र धार्मिक काममा मन जाने समय छ । कामको चाप बढ्ला । प्रेमजीवनमा पार्टनरको इच्छा बुझ्दा राम्रो रहने योग छ ।

**मीन राशि**: खर्चमा वृद्धि होला । कार्यक्षेत्रका चुनौतिहरु बढ्ने समय छ । पाचन प्रणालीमा समस्या आउँला । आत्मबल दह्रो बनाएर अघि बढ्नुपर्ला । समस्यालाई पन्छ्याउन सकिने छैन । धार्मिक एवम् परोपकार र सामाजिक काममा मन जाला । पढाइ–लेखाइ र शिक्षादीक्षाबाट सोचे अनुरुप लाभ हुने समय योग छ ।

नवीकरण सम्बन्धी सूचना

यस निर्माण व्यवसायी संघ मकवानपुरको २५ औं वार्षिक साधारण सभा मिति २०८२ साल बैशाख ६ गते हेटौंडामा हुन गइरहेको सहर्ष जानकारी गराउँदछौं । साथै यस संघमा दर्ता रहनु भएका निर्माण व्यवसायीहरुले यस संघको २५ औं वार्षिक साधारणसभामा सहभागी हुन मिति २०८१ चैत्र मसान्त सम्ममा २०८१/०८२ को अनिवार्य रुपमा यस संघमा नवीकरण गराई सक्नुपर्ने व्यवस्था भए अनुसार अनिवार्य रुपमा नवीकरण गर्नु/गराउनु हुन हार्दिक अनुरोध गर्दछौं ।

निर्माण व्यवसायी संघ मकवानपुर
हेटौंडा, मकवापुर

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा
पढ्न, लेख्न सिकाउन अभिभावक
जिम्मेवार बनौं।

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

50% DISCOUNT OFFER
AFTER SEE
देशको कमजोर आर्थिक अवस्थालाई मध्यनजर गर्दै
Bridge Course
Course Fee= 25,000/- → 12,500/-
Science Bridge Course
Nursing
HA, Radiology
Civil, Lab, Pharmacy
JTA, Veterinary
Book/Uniform FREE
For Basic Computer Course Fee
6,000/- → 3,000/-



NAME INSTITUTE CONSULTANCY
2nd Floor, RB Complex
School Road, Hetauda-4
057-524117, 9855024117, 9801424117

